कानेपोखरी गाउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वयरवन,मोरङ

ठेक्का नं. ७/२०७४/०७५

आन्तरिक आय संकलनको ठेक्का आव्हानको सुचना ॥
(प्रथम पटक प्रकाशित मितिः २०७५ श्रावण ०३ गते) तेश्रो पटक

यस कार्यालयको आ.व.२०७५।०७६ का लागि स्थानिय निकायको आन्तरिक आय संकलन ( ठेक्का वन्दोवस्त) गर्न यस कानेपोखरी गाउपालिकाको निम्न ठेक्काहरु निम्न वमोजिमको दररेट वाट वढावढ गरि गोप्य सिलवन्दि वोलपत्रवाट ठेक्का लगाउनुपर्ने भएकोले निम्न सर्त तथा वन्देजमा रहि इच्छुक नेपाली नागरिकहरुले वोलपत्र पेश गर्नुहुन यो वोलपत्र आव्हान गरिएको छ ।

| निम्न ठेक्काहरु | वढावढ गर्नुपर्ने न्युतम अंक | ठेक्का अवधि |
|---|---|---|
| १. कानेपोखरी-६ विहिवारे वजार | वार्षिक रु १५,०००।०० | एकवर्षको लागि |
| २. कानेपोखरी-६ मंगलवारे वजार | वार्षिक रु २,०२,०००।०० | एकवर्षको लागि |
| ३. कानेपोखरी-१ सेतुचोक वजार | बार्षिक रु ७०००।०० | एकवर्षको लागि |
| ४. विज्ञापन कर (गाउपालिका भित्र) | वार्षिक रु ५००००।०० | एकवर्षको लागि |

१. कवोल अंकको ५ प्रतिसत रकम रा.वा.वैक, वेलवारी शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. २४३०३०३००७१०४ मा जम्मा गरेको सक्कलै वैंक भोचर वा यस कार्यालयको राजश्व शाखामा नगद वुझाई सोको सक्कलै रसिद सिलवन्दि खाम भित्र राखी पेश गर्नुपर्ने छ ।
२. टेण्डर फाराम कानेपोखरी गाँउपालिकाको कार्यालय वाट रु.३००।- (फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिने छ। साथै कार्यालयले प्रमाणित गरेको फारामलाई मात्र मान्यता दिइने छ।
३. कबोल रकम, अंक र अक्षर दुवै स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक अक्षमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ। टिपेक्स प्रयोग तथा केरमेट भएको टेण्डर फाराम मान्य हुने छैन।
४. ठेक्का फाराम सूचना प्रकासित भएको मिति देखी ७ दिन सम्म कार्यालय समय भित्र खरीद गर्न सकिने छ।
५. शिलवन्दी बोलप फाराम, सूचना प्रकासित भएको मिति देखी ८ औं दिनको मध्यान्ह १२ बजे सम्म गाँउपालिकाको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। टेण्डर फाराम दर्ता गर्दा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि (फोटो कपि) अनिवार्य संलग्न हुनु पर्ने छ।
६. दर्ता भएको बोलपत्र फाराम ठेकेदारको उपस्थिति वा निजको प्रतिनिधिको उपस्थितिमा सूचना प्रकासित भएको मितिले ८ औं दिनको अपरान्ह १.०० बजे गाँउपालिकाको कार्यालयमा खोलिने छ। ठेकेदारको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
७. ८ औं दिन विदा परे सो को भोली पल्ट हुनेछ।
८. सबै भन्दा बढी रकम कवोल भएको रित पुगेको बोलपत्रलाई ठेक्का परेको स्वीकार गरीने छ।
९. टेण्डर पार्नेले टेण्डर परेको तीन दिन भित्रमा आफूले कबोल गरेको ठेक्का रकमको ६० प्रतिशतले हुने रकम कार्यालयमा जम्मा गरी सम्झौता गर्नु पर्ने छ।
१०. वोलपत्र पार्ने पहिलो तीन दिन भित्रमा टेण्डर नसकारेमा धरौटी वापतको ५ प्रतिशत रकम जफत गरी दोश्रो लाई दुई दिनको म्याद दिइने छ। र दोश्रोले पनि नसकारे धरौटी धरौटी रकमको ५ प्रतिशत रकम जफत गरी तेश्रो लाई पुनः दुई दिनको म्याद दिइने छ। यदी तेश्रोले पनि नसकारे धरौटी वापतको ५ प्रतिशत रकम जफत गरी अर्को टेण्डर आब्हान गरिने छ।
११. एकमुष्ट रकम बुझाउँदा कवोल रकमको १० प्रतिशत रकम छुट दिइने छ।
१२. ठेकेदारले कर संकलन गर्दा गाँउपालिकाले दिएको दर रेट वमोजिम गर्नु पर्नेछ।
१३. रित नपुगेका वा उपरोक्त सर्तबन्देज विपरित ठहरिने बोलपत्र प्रतिष्पर्धाबाट हटाइने छ।
१४. बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार कानेपोखरी गाँउपालिकाको कार्यालयलाई हुनेछ।
१५. अन्य थप जानकारीको लागी कानेपोखरी गाँउपालिकाको कार्यालयमा सर्म्पक गर्न सकिने छ।
१६. यो सुचना यस कार्यालयको Website www.kanepokharimun.gov.np मा समेत हेर्न सकिनेछ।
१७. एउटा वोलपत्र एउटा ठेक्काको लागि हुने मात्र हुने भएकोले वोलपत्र खरिद गर्दा र पेश गर्दा हरेक ठेक्काको छुट्टा छुट्टै खरिद र पेश गर्नुपर्ने छ।

नि. प्रमुख प्रशासकिय अधिकृत